**२०७४ साल जेठ २८ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय— जापान सरकारबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

२. परराष्ट्र मन्त्रालय— सम्माननीय राष्ट्रपतिको स्वीट्जरल्याण्डको औपचारिक भ्रमण सम्बन्धी प्रतिनिधिमण्डल गठन र खर्च निकासा गर्ने ।

३. गृह मन्त्रालय— राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन बनेको विधेयकलाई व्यवस्थापिका-संसद समक्ष पेश गर्ने।

४. अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सचिव श्री पूर्णचन्द्र भट्टराई उमेरको हदको कारणबाट मिति २०७४।३।२ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल जेठ २४ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. नेपालको लोकतान्त्रिककरणका लागि जनयुद्ध, जनआन्दोलन र तराई मधेशलगायतका सबै आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति सम्मान एवं हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने ।

२. सरकारको प्राथमिकता देहायबमोजिम हुने–
   (क) संविधान कार्यान्वयन र सङ्क्रमणकालीन व्यवस्थापन ।
   (ख) स्थानीय तहको दोस्रो चरणको निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्ने ।
   (ग) २०७४ साल माघ ७ गतेभित्र सङ्घीय संसद र प्रदेश सभाको निर्वाचन सम्पन्न गर्ने ।
   (घ) पुनर्निर्माण कार्यलाई प्रभावकारी र तीव्र बनाउने ।
   (ङ) सार्वजनिक सेवा प्रभावलाई प्रभावकारी बनाउने ।
   (च) आर्थिक समृद्धि ।
   (छ) शान्ति सुरक्षाको प्रत्याभूति र दैनिक जीवनसँग सम्बन्धित आपूर्ति व्यवस्था सहजीकरण ।
   (ज) शान्ति प्रक्रियालाई पूरा गर्ने ।

३. परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्‌का विभिन्न समितिहरूमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू फिर्ता गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल जेठ १९ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङको फिलिपिन्स भ्रमण स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– लोक सेवा आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यको UK भ्रमण स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको बेल्जियम भ्रमण स्वीकृत गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– प्रधानमन्त्रीको निजी सचिवालय बालुवाटरमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुलाई दोहोरो सुविधा नपर्ने गरी प्रोत्साहन भत्ता उपलव्ध गराउन स्वीकृति दिने ।

५. अर्थ मन्त्रालय– दक्षिण कोरियाको जेजुमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको दोस्रो बार्षिक बैठकमा सहभागी हुन माननीय अर्थमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने

६. अर्थ मन्त्रालय– Millennium Challenge Corporation बाट अनुदान सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने ।

७. अर्थ मन्त्रालय– शुरुवाती कोष निर्देशिका,२०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

८. उद्योग मन्त्रालय– विदेशी लगानी सम्बन्धी ऐन, २०७४ को विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न स्वीकृति दिने ।

९. गृह मन्त्रालय– शहीद घोषणा गर्ने ।

१०. गृह मन्त्रालय– आर्थिक सहायता उपलब्ध गराउने ।

११. नेपाली राजदूतावास, नयाँ दिल्लीको स्थायी सेवाबाट अवकाश पाई सेवा करारको कर्मचारीमा परिणत भएका १९ जना स्थानीय कर्मचारीहरूलाई उपदान रकम एकमुस्ट उपलब्ध गराउने।

१२. परराष्ट्र मन्त्रालय– विदेशस्थित नेपाली नियोगहरूमा काम गर्ने नियोग प्रमुख तथा अन्य कूटनीतिक कर्मचारीहरूको वैदेशिक भत्ता निर्धारण गर्ने ।

१३. परराष्ट्र मन्त्रालय– नेपाली शब्दको लागि एउटै मानक अङ्ग्रेजी शब्द Nepali प्रयोग गर्ने ।

१४. पशुपन्छी विकास मन्त्रालय– राष्ट्रिय दुग्ध विकास वोर्डको कार्यकारी समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको नामावलीमा थपघट तथा हेरफेर गर्ने र सो को सुचना नेपाल राजपत्रमा प्रकाशित गर्ने ।

१५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय– व्यवस्थित वसोवास आयोगका विज्ञ पदाधिकारीको सुविधा स्वीकृत गर्ने ।

१६. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— गजेन्द्र नारायण सिंह स्मृति प्रतिष्ठानले खरिद गर्ने जग्गाको रजिष्ट्रेशन दस्तुर छुट दिने ।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय—सम्वद्ध निकायहरुसँग परामर्श गरी कानुन परिमार्जन गर्न यसै साथ संलग्न "सार्वजनिक निर्माण कार्यको गुणस्तरीयता, दीगो विश्वासिलो र भरपर्दो बनाउने सम्वन्धमा गठित उच्चस्तरीय समिति" को प्रतिवेदन सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउने।

१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची-२ संशोधन गर्ने ।

१९. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय— नेपाल-भारत महिला मैत्री समाज, काठमाडौंलाई आर्थिक सहायता उपलब्ध गराउने ।

२०. युवा तथा खेलकुद मन्त्रालय— खेलकुदको विकास विषयको व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका–संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२१. रक्षा मन्त्रालय—स्थानीय तहको निर्वाचनमा खटिने नेपाली सेनाका सैनिक व्यक्तिहरु र कर्मचारीहरुको सुविधा स्वीकृत गर्ने ।

२२. रक्षा मन्त्रालय— नेपाली सेनाका उपरथी श्री शेखर सिंह बस्न्यातलाई संयुक्त राष्ट्र संघको आब्हानमा शान्ति स्थापना कार्यको लागि UNIFIL मिसन लेवनानमा तैनाथ श्री श्रीजंग गणद्धारा सु-सम्पन्न हुने मेडल परेड कार्यक्रममा सहभागी हुन पठाउने।

२३. रक्षा मन्त्रालय— नेपाली सेनाका महासेनानी पदमबहादुर सिंहलाई सैनिक सहचारी पदमा नियुक्त गर्ने ।

२४. वन तथा भू-संरक्षण मन्त्रालय— वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका (दोस्रो संशोधन), २०७४ स्वीकृत गर्ने।

२५. वाणिज्य मन्त्रालय— नेपाल-भारत अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौता २००९ नवीकरण गर्ने ।

२६. विज्ञान तथा प्रविधि मन्त्रालय— मे २ लाई राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको रूपमा मनाउने ।

२७. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— द्वन्द्व पीडित, मृतक, बेपत्ता परिवारका लागि क्षतिपूर्ति तथा आर्थिक सहायता प्रदान गर्ने निर्देशिका तथा कार्यविधिहरुको संशोधन स्वीकृत गर्ने ।

२८. शिक्षा मन्त्रालय— प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको सदस्य-सचिव तोकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सदस्य-सचिवको सेवा सुविधा तोक्ने ।

२९. शिक्षा मन्त्रालय— नेपाल खुला विश्वविद्यालयको उपकुलपति पदमा प्रा.डा. लेखनाथ शर्मालाई नियुक्त गर्ने ।

३०. शिक्षा मन्त्रालय— विश्वविद्यालय अनुदान आयोगको सदस्य मनोनयन गर्ने ।

३१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय– नेपाल भ्रमण वर्ष २०१८ मनाउने सम्बन्धी अवधारणापत्र स्वीकृत गर्ने विषयको प्रस्ताव फिर्ता पठाउने।

३२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय– कम्बोडियामा आयोजना हुने 2nd ACD Tourism Ministers Meeting तथा First International Conference on Sustainable Tourism and Heritage Cities कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू र सहसचिव श्री भरतमणि सुवेदीलाई भाग लिन स्वीकृति दिने ।

३३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय– आगामी वर्षदेखि बजेटमै व्यवस्था गर्ने गरी यस पटकका लागि जानकी नवमी महामहोत्सव मूल समारोह समितिलाई आर्थिक सहायता उपलब्ध गराउने।

३४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय– सिरहा न.पा. १६, सिरहामा चन्द्र नारायण यादव मेमोरियल ट्रष्टको सक्रियतामा स्थापना भएको चन्द्र नारायण यादव मेमोरियल मेटरनिटी अस्पतालको संचालन गर्न आवश्यक उपकरणहरु खरिदको लागि नेपाल सरकारको तर्फबाट एक करोड पचास लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

३५. सहकारी तथा गरिबी निवारण मन्त्रालय–

१. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ अनुसार अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको युवा स्वरोजगार सम्बन्धी कार्य र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्रमा रहेको गरिबसँग विश्वेश्वर कार्यक्रम समेतलाई सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्षेत्रमा ल्याउन नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ मा संशोधन गरी उल्लेखित कार्यहरु थप गर्ने ।

२. नेपाल सरकारको गरिबी निवारण सम्बन्धी नीति, योजना, आयोजना, बजेट तथा कार्यक्रम निर्माण गर्दा एवं कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी तथा गरिबी निवारण मन्त्रालयको समन्वय र सहमतिमा गर्ने गरी यस मन्त्रालयलाई गरिबी निवारण सम्बन्धी सम्पर्क विन्दु (Focal Point) तोक्ने ।

३६. सामान्य प्रशासन मन्त्रालय– आशा श्रेष्ठ र लता प्रधानलाई आर्थिक सहायता उपलब्ध गराउने ।

३७. सामान्य प्रशासन मन्त्रालय– स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश, २०७४ जारी गर्ने।

३८. सामान्य प्रशासन मन्त्रालय– महेन्द्रप्रसाद गुरागाईलाई क्षेत्रीय प्रशासक पदमा कायम मुकायम मुकरर गर्ने ।

३९. सूचना तथा संचार मन्त्रालय– नेपाल दूर सञ्चार प्राधिकरणको प्राविधिक सदस्यतर्फ श्री चुडामणि चौलागाई, खोटाङ्ग र लेखा तथा लेखा परीक्षण सदस्यतर्फ श्री टेकनाथ आचार्य, धनकुटालाई नियुक्ति गर्ने।

४०. सूचना तथा संचार मन्त्रालय—International knowledge-sharing workshop on open government Data (OGD) for sustainable Development मा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री किरणकुमार पोखरेल र सूचना आयुक्त श्री यशोदादेवी तिम्सिनालाई भाग लिन स्वीकृति दिने ।

४१. सूचना तथा संचार मन्त्रालय— अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७४ स्वीकृत गर्ने।

४२. सूचना तथा संचार मन्त्रालय— सुरक्षण मुद्रण विकास समितिको कार्यकारी निर्देशकको पदमा श्री विकल पौडेल, कटुवा चौपारी-४, पर्वतलाई नियुक्ति गर्ने।

४३. स्वास्थ्य मन्त्रालयका सचिव श्री सेनेन्द्रराज उप्रेती उमेरको हदको कारणबाट मिति २०७४।२।३० देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

४४. निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री यामकुमारी खतिवडालाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी राष्ट्रिय सूचना आयोगमा पदस्थापन गर्ने ।

४५. मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतका क्षेत्रीय प्रशासक श्री बेगेन्द्रराज शर्मा पौड्याललाई पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, पोखराको क्षेत्रीय प्रशासक पदमा सरूवा गर्ने ।

४६. नेपाल सरकार, मन्त्रिपरिषद् (म.प.वै.सं. १४/०७४) को मिति २०७४/२/१७ को बैठकबाट शिक्षा मन्त्रालयको कार्यान्वयन प्रक्रिया स्वीकृति विषयको प्रस्तावमा "नेपाल सरकार म.प.वै.सं. ४३/०७३ मिति २०७३/८/२६ को निर्णयबमोजिम २०७३/८/१९ गतेको सहमति स्वामित्व ग्रहणसम्बन्धी निर्णयअन्तर्गत काठमाडौं उपत्यका बाहिर नियमानुसार सम्बन्धन सम्बन्धी प्रक्रिया अघि बढाउन बाधा नपर्ने ।" निर्णय भएकोमा उक्त निर्णय अर्को व्यवस्था नभएसम्म कार्यान्वयन नगर्ने ।

४७. श्रम तथा रोजगार मन्त्रालयका शाखा अधिकृत अमरनाथ ढकालको निवेदनलाई दृष्टिगत गरी निज सेवामा पुर्नवहाली भएपछि जिल्ला हुलाक कार्यालय पर्वतबाट भुक्तानी लिएको रू. १३,७८,३३३/८१ महालेखा परीक्षकको प्रतिवेदनमा बेरूजु जनिएको रकम मिनाहा दिने ।

४८. नेपाल पत्रकार महासंघलाई पन्ध्र लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल जेठ १७ गते बुधबारकादिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. गृह मन्त्रालय— दोश्रो चरणमा परेका प्रदेश नं. १, २, ५ र ७ का स्थानीय तहको निर्वाचनका लागि पूर्वनिर्धारित मिति २०७४/०३/०९ को सट्टा मिति २०७४/०३/१४ गते निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति तोक्ने।

२. परराष्ट्र मन्त्रालय— श्रीलंकामा बाढीपहिरोबाट भएको क्षति प्रति सहानुभूति प्रकट गर्दै नेपाल सरकारद्वारा श्रीलंका सरकारलाई सहायता स्वरूप ५० हजार अमेरिकी डलर प्रदान गर्ने ।

३. शिक्षा मन्त्रालय— नेपाल सरकार म.प.वै.सं. ४३/०७३ मिति २०७३/८/२६ को निर्णयबमोजिम २०७३/८/१९ गतेको सहमति स्वामित्व ग्रहणसम्बन्धी निर्णयअन्तर्गत काठमाडौं उपत्यका बाहिर नियमानुसार सम्बन्धन सम्बन्धी प्रक्रिया अघि बढाउन बाधा नपर्ने ।

४. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्राल— विराटनगर र बिरगञ्ज उपमहानगरपालिकालाई महानगरपालिका घोषणा गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्राल— स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल जेठ १५ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय— बजेट तथा अर्थ सम्बन्धी विधेयकहरू व्यवस्थापिका-संसदमा पेश गर्ने ।

२. अर्थ मन्त्रालय— मूल्य अभिवृद्धि कर (उन्नाइसौं संशोधन) नियमावली, २०७४, अन्तःशुल्क (सत्रौं संशोधन) नियमावली, २०७४, भन्सार (आठौं संशोधन) नियमावली, २०७४, आयकर (सातौं संशोधन) नियमावली, २०७४ र मदिरा (दोस्रो संशोधन) नियमहरू, २०७४ स्वीकृत गर्ने ।

३. गृह मन्त्रालय— स्थानीय तह निर्वाचन ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयकलाई व्यवस्थापिका-संसद समक्ष पेश गर्ने ।

गृह मन्त्रालय— दोश्रो चरणमा परेका प्रदेश नं. १, २, ५ र ७ का स्थानीय तहको निर्वाचनका लागि पूर्वनिर्धारित मिति २०७४/०२/३१ को सट्टा मिति २०७४/०३/०९ गते निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति तोक्ने।

४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— प्रस्तावित जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७४ स्वीकृत गर्ने।

५. सर्वोच्च अदालतबाट मिति २०७४/२/१२ गते जारी भएको अन्तरिम आदेशको विषयको देहायबमोजिम गर्ने—

(क) अधिवक्ता धनवहादुर श्रेष्ठसमेत विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद्समेत भएको उत्प्रेषण परमादेशसमेतको (०७३-wo-१२०५) रिट निवेदनमा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७४/२/१२ गते जारी भएको अन्तरिम आदेशको जानकारी सम्मानीत अदालतको वेभसाइटबाट प्राप्त भएको हुँदा उक्त अन्तरिम आदेश खारेजी गर्नका लागि सर्वोच्च अदालत नियमावली, २०४९ बमोजिम निवेदन दिने ।

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट उल्लिखित निवेदन दिनको लागि नेपाल सरकारका मुख्यसचिवलाई अख्तियारी दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल जेठ १४ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. गृह मन्त्रालय— गणतन्त्र दिवस, को उपलक्ष्यमा द्दण्ठद्ध ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२, कारागार नियमावली, २०२० (संसोधन समेत) को नियम २९ को उपनियम (१) र (२क), कारागार व्यवस्थापन कार्यविधि, एवं द्दण्ठघ सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१ बमोजिम असल चालचलन भई कैदको सजाय छोटयाउन योग्य देखिएका संलग्न सूचि बमोजिमका ठछढ(सातसय उनान्साठी) जना कैदीहरुलाई कारागारबाट बाँकी कैद सजाय माफी गर्न नेपालको संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष सिफारिश गर्ने ।

२. गृह मन्त्रालय— नेपालको संविधानको धारा २७७ अनुसार राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने महानुभावहरुलाई विभूषण प्रदान गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल जेठ ९ गते मङ्गलबारकादिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. ऊर्जा मन्त्रालय—

१. गुठी जग्गा सम्बन्धमा

(क) गुठी जग्गामा समेत घर गोठ निर्माण गरी बसेका र सो जग्गामा लगाइएका बालीनाली, फलफूल बोटविरुवा इत्यादीको क्षतिपूर्ति अन्य रैकर जग्गामा बसोबास गरी बसेकालाई सरह मुआब्जा/क्षतिपूर्ति निर्धारण समितिले निर्णय गरी प्रदान गर्ने।

(ख) मोहीलाई मुआब्जाउपलब्ध गराउने र गुठी संस्थालाई सो बापत सरकारले क्षतिपूर्ति उपलब्ध गराउने।

२. ऐलानी पर्ति सरकारी जग्गा भोग गरिरहेका व्यक्तिहरुको सम्बन्धमा

(क) मा बसोबास गरी जीविकोपार्जन गरी (सरकारी जग्गा) विगत लामो समयदेखि ऐलानी पर्ति बसेका परियोजना स्थलका डुवानक्षेत्रका अन्यत्र जग्गा जमिन नभएका बसोबासीहरुलाई निश्चित मापदण्ड बनाई मुआब्जा/क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको न्यूनतम रकमको दरले जग्गाको क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गर्ने।

(ख) रैकर जग्गासंगै ऐलानी पर्ति(सरकारी जग्गा) मा सरकारी जग्गा घुसाई भोग चलन गरी रहेको हकमा समेत मुआब्जा निर्धारण समितिले त्यस्तो परिवारको आर्थिक स्थिति, जग्गाको क्षेत्रफल आदि कुरालाई समेत विचार गरी निश्चित मापदण्ड बनाई सो भोग चलन गरेको जग्गाको क्षतिपूर्ति प्रदान गर्ने।

(ग) सरकारी जग्गामा घर गोठ, बालीनाली, फलफूल बोटविरुवा लगाई बसेकाको हकमा पनि रैकर जग्गामा बसोबास गरेका सरह मूल्यांकन गरी क्षतिपूर्ति दिने।

३. बुढीगण्डकी जलविद्युत आयोजनाको डुबान क्षेत्रमा पर्ने विद्यालय, कलेज र सामाजिक संघ संस्थाको हकमा

(क) सरकारी जग्गामा भौतिक संरचना निर्माण गरी सञ्चालन गरी बसेका सार्वजनिक वा सामुदायिक संघ संस्थाहरुलाई निश्चित मापदण्ड बनाई एकमुष्ट रुपमा स्थानान्तरणको लागि क्षतिपूर्ति प्रदान गर्ने।

२. ऊर्जा मन्त्रालय— नेपाल विद्युत प्राधिकरणको आर्थिक पुनःसंरचना गर्न स्वीकृति दिने

३. ऊर्जा मन्त्रालय—

१. ऊर्जा मन्त्रालयले Engineering Procurement Commissioning and Financing (EPCF) नीति र कार्यविधि तयार गर्ने ।

२. EPCF Model मा बुढीगण्डकी जलाशय युक्त जलविद्युत आयोजना निर्माण गर्न सैद्धान्तिक सहमति दिने ।

३. Memorandum of Understanding का विषयको अर्थ मन्त्रालयको मिति ०७४/१/१९ र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति ०७४/१/२५ को पत्रहरूबाट प्राप्त

राय परामर्श र अन्य आवश्यक विषयहरू समावेश एवं परिमार्जन गरी परराष्ट्र मन्त्रालय लगायतका सम्बद्ध निकायहरूको परामर्श लिई प्रक्रिया अगाडि बढाउने र प्रक्रिया अगाडि बढाउँदा कार्यान्वयन Model, सामर्थ्य, सक्षमता, मितव्ययिता एवं विश्वसनीयतासमेत दृष्टिगत गर्ने ।

४. गृह मन्त्रालय— क्षतिपूर्ति उपलब्ध गराउने ।

५. गृह मन्त्रालय— मिति २०७२/१०/२८ गतेका दिन कपिलवस्तु जिल्लाको जितपुर चोक स्थित सडक छेउमा भएको घटनामा मृत्यु भएका बाणगंगा न.पा.-१ कपिलवस्तुका राजेश सेन र जुम्लाको चौभान , ८ साल असोजको फूलपातीको दिनमा हत्या भएका साविक चौखावाङ २०१० जेलमा, रुकुम हाल मुसिकोट न.पा.का कामी बुढालाई "शहीद" घोषणा गर्ने ।दुवै मृतकका नजिकको हकवालालाई प्रतिपरिवार राहत स्वरुप रु १० लाख उपलब्ध गराउने ।

६. वन तथा भूसंरक्षण मन्त्रालय— राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको रिक्त सदस्यमा सह प्राध्यापक डा. मोतीलाल रिजाललाई सदस्य पदमा ५(पाँच) वर्षको लागि नियुक्ति दिने ।

७. वाणिज्य मन्त्रालय— व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशक पदमा श्री शरद विक्रम राणालाई नियुक्त गर्ने ।

८. शिक्षा मन्त्रालय— प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सदस्य-सचिवमा पुष्परमण वाग्लेलाई तोक्ने।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— बर्दियाली थारू विकास मञ्च, काठमाडौंलाई चार लाख पचास हजार रूपैया र थारु कल्याणकारीणी सभा, काठमाडौंलाई दुई लाख पचास हजार रूपैया उपलब्ध गराउने ।

१०. सूचना तथा सञ्चार मन्त्रालय— राष्ट्रिय समाचार समितिको महाप्रबन्धक पदमा श्री ओपेन्द्र शर्मा, खलङ्गा-३, रुकुमलाई नियुक्ति गर्ने ।

११. माननीय ऊर्जा राज्यमन्त्री सत्यनारायण भगत बीन (निषाद) को निवेदनलाई दृष्टिगत गरी निजलाई उपचार खर्च वापत पाँच लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल जेठ ८ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– 1st International Conference on the IAEA Technical Cooperation Programme: Sixty years and beyond-Contributing to development विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– डेनमार्कमा आयोजना हुने **Golden Jublee Friendly Volleyball Tournament** मा विशेष अतिथीको रुपमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. कृपासिन्धु प्रसादलाई सहभागी हुन स्वीकृति दिने ।

३. अर्थ मन्त्रालय— राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका विषयको व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४. अर्थ मन्त्रालय— अन्तर–सरकारी वित्त व्यवस्थापन विषयको व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने ।

५. उद्योग मन्त्रालय— २०६४/२/१४ को नेपाल राजपत्रमा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचनामा नं. १ को खण्ड ३१ पछि खण्ड ३२ थप गर्ने ।

६. ऊर्जा मन्त्रालय— पञ्चेश्वर विकास प्राधिकरणको विधानको धारा ३.३ बमोजिम उक्त प्राधिकरणको कार्यकारी निर्देशक (कानून) पदमा ऊर्जा मन्त्रालयका सहसचिव श्री कोशल चन्द्र सुवेदीलाई उक्त प्राधिकरणबाटै पारिश्रमिक तथा सुविधा पाउने गरी २०७५/०२/२१ सम्म काम काज गर्न खटाउने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— प्रशासकीय अदालतका अध्यक्ष श्री काशीराज दाहाललाई मिति २०७४।०२।११ देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि निरन्तर रुपमा काम गर्न सो अदालतको अध्यक्षमा तोक्ने ।

८. कृषि विकास मन्त्रालय— नेपाल सरकार र International Rice Research Institute (IRRI) वीच सम्झौता गर्न स्वीकृति दिने।

९. गृह मन्त्रालय— संगिता मगरलाई उपचार खर्च वापत आर्थिक सहायता उपलब्ध गराउने ।

१०. गृह मन्त्रालय— भिसा शुल्क तथा विलम्ब शुल्क मिनाहा दिने

११. गृह मन्त्रालय— म्यादी प्रहरीको म्याद थप गर्ने ।

१२. गृह मन्त्रालय— क्षतिपूर्ति वापत आर्थिक सहायता उपलब्ध गराउने ।

१३. परराष्ट्र मन्त्रालय— संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया राज्यको लस एन्जलसमा नेपाली राजदूतावास, वासिङ्गटन डि.सी.को सम्पर्क कार्यालय स्थापना गर्ने ।

१४. परराष्ट्र मन्त्रालय— भियनास्थित नेपालका स्याथी प्रतिनिधिलाई गणतन्त्र अष्ट्रियाका लागि नेपालको आवासीय राजदूत नियुक्ति गर्ने ।

१५. परराष्ट्र मन्त्रालय— अवैतनिक नेपाली वाणिज्यदूत/महावाणिज्यदूतहरूको पदावधि तोक्ने, नयाँ नियुक्ति, पदोन्नती, म्याद थप र अवकाश दिने ।

१६. पशुपन्छी विकास मन्त्रालय— पाल पशु चिकित्सा परिषद् र दुग्ध विकास संस्थानका रिक्त पदाधिकारीको मनोनयन गर्ने ।

१७. पशुपन्छी विकास मन्त्रालय— पशु स्वास्थ्य प्राविधिक लालबहादुर तामाङको तलव भत्ता भुक्तानी गर्ने।

१८. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय— केन्द्रीय बालकल्याण समितिको रिक्त अध्यक्ष पदमा बबिना श्रेष्ठलाई मनोनयन गर्ने ।

१९. युवा तथा खेलकुद मन्त्रालय— भलिवललाई नेपालको राष्ट्रिय खेल तोक्ने ।

२०. युवा तथा खेलकुद मन्त्रालय— सयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. २२५० (युवा शान्ति र , को राष्ट्रिय कार्ययोजना तर्जुमाको अवधारणा स्वीकृत गर्ने । (सुरक्षा

२१. युवा तथा खेलकुद मन्त्रालय— राष्ट्रिय खेलकुद परिषदमा रिक्त सदस्य पदमा श्री अर्जुनवहादुर के सी र सुदील शाहीलाई खेलकुद विकास ऐन २०४८ को दफा ३ को उपदफा २ को खण्ड (ख) वमोजिम मनोनयन गर्ने ।

२२. रक्षा मन्त्रालय— महा सेनानी द्वय सुरेश कुमार कार्की र नरेश सुव्वालाई सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने।

२३. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ स्वीकृत गर्ने।

२४. श्रम तथा रोजगार मन्त्रालय - वैदेशिक रोजगार (तेश्रो संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— गाउँपालिका तथा नगरपालिकाको सीमाना, नाम, केन्द्र र तिनमा रहने वडाको संख्या पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने।

२६. सहरी विकास मन्त्रालय— राष्ट्रिय आवास कम्पनी लिमिटेडका महाप्रवन्धक श्री दुत बहादुर गुरुङलाई गरी पदमुक्त गरी गोकर्ण प्रसाद सापकोटालाई महाप्रवन्धक नियुक्त गर्ने।

२७. सूचना तथा सञ्चार मन्त्रालय— नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष, नेपाल टेलिभिजनका महाप्रवन्धक र रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) का कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा सुविधा पुनरावलोकन गर्ने ।

२८. स्वास्थ्य मन्त्रालय— आयोजना समन्वय इकाईका लागि आवश्यक अस्थायी दरवन्दी स्वीकृति स्वीकृत गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल जेठ ७ गते आइतबारकादिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

आर्थिक वर्ष २०७४/०७५ को लागि नेपाल सरकारको वार्षिक नीति कार्यक्रम स्वीकृत गर्ने ।

**२०७४ साल जेठ ४ गतेबिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. नेपालको संविधानको धारा २९६ को उपधारा (६) बमोजिम व्यवस्थापिका-संसद्को चालु अधिवेशन संवत् २०७४ साल जेठ ४ गते राती १२.०० बजेदेखि अन्त्य हुन नेपालको संविधानबमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२. नेपालको संविधानको धारा २९६ को उपधारा (६) बमोजिम संवत् २०७४ साल जेठ ८ गते सोमबारका दिन १३.०० बजे अन्तर्राट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा व्यवस्थापिका-संसद्को अधिवेशन आह्वान हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

३. अर्थ मन्त्रालय– नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको सञ्चालकमा लक्ष्मण न्यौपानेलाई नियुक्ति गरी अध्यक्ष तोक्ने ।

४. अर्थ मन्त्रालय– बेलायत सरकारको विकासका लागि अन्तर्राष्ट्रिय विभागवाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

५. उद्योग मन्त्रालय– धनुषा जिल्लास्थित जनकपुर चुरोट कारखाना लिमिटेडको नाममा रहेको ३३ बिगाह ३ कट्ठा १२ धुर जग्गा र सो जग्गामा रहेका भवन, भौतिक संरचना र उपकरणहरु तथा अन्य सम्पूर्ण भौतिक सामाग्रीहरुको संरक्षण र सुरक्षाको सम्पूर्ण जिम्मेवारी प्रदेश नं. २ को उपयोगको प्रयोजनको लागि पछि सम्बद्ध निकायबाट हुने निर्णय बमोजिम हुने गरी हाललाई जिल्ला प्रशासन कार्यालय, धनुषालाई प्रदान गर्ने।

६. गृह मन्त्रालय– मिति २०७४/०१/३० गते राती नमोबुद्ध न.पा.४ मेथिनकोट घटनामा मृत्यु भएका नमोबुद्ध न.पा.४ निवासी स्व. श्री नवराज पाठकलाई "शहीद" घोषणा गर्ने । स्व. नवराज पाठकको नजिकको हकवालालाई राहत स्वरुप रु १० लाख उपलब्ध गराउने ।

७. गृह मन्त्रालय– उज्वेकिस्तानका नागरिक Ekaterina Dmitrievskaya लाई ५ (पाँच) वर्ष नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

८. गृह मन्त्रालय– मिति २०७४/०१/३० गते राति काभ्रे जिल्लाको नमोबुद्ध न.पा.वडा नं.४ स्थित मेथिनकोटमा भएको घटनाको सम्बन्धमा सत्यतथ्य पत्ता लगाई भविष्यमा यस्तो अनपेक्षित घटना हुन नदिन अपनाउनु पर्ने सतर्कताको सम्बन्धमा सुझाव/सिफारिस सहितको प्रतिवेदन पेश गर्न जाँचवुझ आयोग

ऐन२ ,०२६ को दफा ३ को उपदफा (२) बमोजिम साविक पुनरावेदन अदालतका न्यायाधीशको अध्यक्षतामा जाँचबुझ आयोग गठन गर्ने ।

९. गृह मन्त्रालय– Russian नागरिक Vladimir Ilinykh लाई १(एक) वर्ष नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

१०. गृह मन्त्रालय— सशस्त्र प्रहरी सेवाको साधारण समूह र प्राविधिक समूह अन्तरगतका उपसमूहहरूको समूहकृत सहित दरवन्दी कायम गर्ने ।

११. गृह मन्त्रालय— Personal Identificattion Secure Comparison Evaluation System सम्बन्धी Memorandum of Intent लाई स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने

१२. गृह मन्त्रालय— दोलखाको मेलुङ गा.पा. पवटीको घटनामा मृत्यु भएका डम्बर बहादुर भुजेललाई ज्ञ लाख १० शहीद घोषणा गर्ने। मृतकका नजिकका हकवालालाई रु राहत उपलब्ध गराउने ।

१३. गृह मन्त्रालय— हरिशंकर मिश्रसमेतलाई आर्थिक सहायता उपलब्ध गराउने।

१४. पशुपन्क्षी विकास मन्त्रालय– पदाधिकारी नियुक्ति सम्बन्धी मापदण्ड स्वीकृति गर्ने ।

१५. युवा तथा खेलकुद मन्त्रालय— राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष श्री माधवप्रसाद ढुंगेलसँग पुनः स्पष्टिकरण माग गर्ने।

१६. रक्षा मन्त्रालय– रथी वलदेव राज महत र रथी पूर्णचन्द्र थापाको पदावधि थप गर्ने ।

१७. रक्षा मन्त्रालय– दोस्रो चरणको स्थानीय तह निर्वाचनमा नेपाली सेना परिचालन गर्न सिफारिस गर्ने।

१८. वन तथा भूसंरक्षण मन्त्रालय– चुरेतराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४" स्वीकृत गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

१९. वन तथा भूसंरक्षण मन्त्रालय– Atmospheric Observatory Station स्थापनाका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने।

२०. वन तथा भूसंरक्षण मन्त्रालय– यूनाइटेड सिमेण्टस् प्रा.लि. लाई चूनढुङ्गा उत्खननका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

२१. वन तथा भूसंरक्षण मन्त्रालय– खरी खनिज उत्खननका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

२२. वन तथा भूसंरक्षण मन्त्रालय– वातावरण प्रदूषण न्यूनीकरण हुने व्यवस्था मिलाउने गरी आखेटोपहार जलाएर नष्ट गर्ने स्वीकृति दिने ।

२३. वाणिज्य मन्त्रालय— माननीय वाणिज्य मन्त्री नेतृत्वमा एक प्रतिनिधिमण्डललाई भारतको कोलकता भ्रमण गर्न स्वीकृति दिने ।

२४. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने (पहिलो संशोधन) निर्देशिका, २०७४ स्वीकृत गर्ने ।

२५. श्रम तथा रोजगार मन्त्रालय— स्वीटजरल्याण्डको जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम संगठनको १०६ औं सम्मेलन (106th International Labour Conference) मा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न माननीय श्रम तथा रोजगार मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने ।

२६. सहरी विकास मन्त्रालय— संयुक्त राष्ट्र संघ पार्क विकास समितिमा हालका कार्यकारी निर्देशक हटाई नयाँ कार्यकारी निर्देशक नियुक्ति गर्ने ।

२७. सहरी विकास मन्त्रालय— संयुक्त आवासमा देखिएको विवादको समाधान गर्न उच्चस्तरीय आयोग गठन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२८. सूचना तथा सञ्चार मन्त्रालय- श्री भवानी प्रसाद बराललाई प्रेस काउन्सिल नेपालको अध्यक्ष पदमा मनोनयन गर्ने ।

२९. स्वास्थ्य मन्त्रालय— नेपाल प्रहरी अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवा सर्वसाधारणको लागि खुला गर्ने र सहकार्यमा स्वास्थ्य सेवा प्रवाह गर्ने ।

३०. स्वास्थ्य मन्त्रालय— राष्ट्रिय आयुर्वेद तथा पूरक चिकित्सा नीति, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने

३१. स्वास्थ्य मन्त्रालय— प्रजनन् स्वास्थ्य सम्बन्धी कानुनलाई समयानुकुल परिमार्जन र एकीकरण गर्न बनेको विधेयक निर्माणको लागि सैद्धान्तिक सहमती दिने।

३२. स्वास्थ्य मन्त्रालय— राष्ट्रियआँखा स्वास्थ्य नीति, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

३३. स्वास्थ्य मन्त्रालय— स्वास्थ्य मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन) २०७४ स्वीकृत गर्ने।

३४. स्वास्थ्य मन्त्रालय— नेपाल आर्मी मातहतका संस्थावाट प्रवाह हुने स्वास्थ्य सेवा सर्वसाधारणको लागि खुला गर्ने र सहकार्यमा स्वास्थ्य सेवा प्रवाह गर्ने।

३५. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री धनबहादुर तामाङ्ग | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र |
| २. | श्री गजेन्द्रकुमार ठाकुर | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय |

३६. निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (१) र (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री देवेन्द्र कार्कीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिव पदमा पदस्थापन गर्ने ।

३७. नेपाल सरकार, मन्त्रिपरिषद् (मं.प.बै.सं. ५८/०७३) को मिति २०७३/११/१७ को निर्णयानुसार नेपाल सरकारको तर्फबाट एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशक पदमा नियुक्त भएका नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदी सन् २०१७ जुलाई १६ देखि उक्त पदमा काम गर्न जानु हुने भएकाले निजामती सेवाको अतिरिक्त समूहमा मुख्यसचिव पद सिर्जना गरी मिति २०७४/३/२८ देखि निजको बाँकी अवधिको पदाधिकार उक्त पदमा राख्ने ।

३८. मधेश र थरूहट क्षेत्रमा राजनैतिक आन्दोलनको क्रममा लगाइएका झुठा मुद्दा फिर्ता लिन सहजीकरण हुने गरी नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ संशोधन गर्न गृह मन्त्रालयसंग समन्वय गरी प्रस्ताव पेश गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**